महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- १६ अङ्क :-१० महिना :- चैत्र, २०७२

## सञ्चार अनुगमन चैत्र २०७२

भक्तपुर- अन्तरलिङ्गेश्वर नगरपालिका बालकोट र भक्तपुर नगरपालिका ब्यासीमा दुई नवजात शिशुको हत्या गरी फालिएको वेवारिसे शव भेटिएको छ । बलकोटमा भर्खरै जन्मिएको शिशुको शबलाई कुकुरले खादै गरेको अवस्थामा भेटिएको र ब्यासी भक्तपुरमा कुहिएको नवजात शिशुको शव भेटिएको प्रहरीले जनाएको छ ।
*(कान्तिपुर दैनिक, १७ चैत्र २०७२)*

मोरङ्ग- काँग्रेस महाधिवेसनमा नगएको बिषयलाई लिएर मोरङ्गको डाँगीहाट ९ की एक युवतीलाई अपहरण गरी दुई दिन सम्म बन्धक बनाएर यातना दिएको समाचार प्रकाशित भएको छ ।
*(अन्नपूर्ण पोस्ट, २ चैत्र २०७२)*

तनहुँ- एक निजी विद्यालयका प्रिन्सिपलले एसएलसीको ट्युसन शुल्क नबुझाई परिक्षामा सहभागी भएको भन्दै एक विद्यार्थीलाई बन्धक बनाएर यातना दिएका छन् । क्यामिन-१ क्लेस्तीस्थित दोभान बोर्डिङ्ग स्कुलका प्रिन्सिपल सिकन्दर गुरुङ्गले १५ बर्षीया प्रविण कुँवरलाई बन्धक बनाएको प्रकाशित समाचारमा उल्लेख छ । *(कान्तिपुर दैनिक २६ चैत्र २०७२)*

२०७२ को चैत्र महिनामा मुलुकभर महिला र बालबालिकामाथि १६ वटा हिंसाका घटना भएको अखबारहरुमा प्रकाशित छ । राष्ट्रिय दैनिकहरुको अनुगमन गरी तयार पारिएको आँकडामा महिला हिंसासम्बन्धी समाचार ५ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित समाचार पनि ११ वटा छन् ।

प्रकाशित समाचारहरुमा महिला तथा बालबालिकाको नवजात शिशुको हत्या, अपहरण, कुटपिट, आत्महत्या लगायतका हिंसासँग सम्बन्धित घटनाहरु रहेका छन् ।

**महिला :-**

चैत्र महिनामा १ महिलाको हत्या भएको छ भने १ महिलाले आफ्नै छोराको हत्या गरी आत्म हत्या गरेकी छिन् । १ महिलाको हत्या प्रयास भएको छ । त्यसैगरी १-१ अपहरण तथा यातनाबाट पीडित भएको प्रकाशित समाचारमा प्रकाशित भएको छ ।




**बालबालिका :-**

चैत्र महिनामा ५ बालबालिकाको हत्या भएको छ । त्यस मध्ये ३ नवजात शिशु रहेको समाचारमा प्रकाशित भएको छ । २ बालिका सजाय दिने निहुँमा आफ्नै बाबु र शिक्षकको कुटपिटबाट घाइते भएकी छिन् । त्यसैगरी २ बालबालिका बिचल्लीमा परेका छन् । त्यस मध्ये आमाले अर्कै संग विवाह गरी छोडेका कारण चेपाङ बालक रहेका छन् भने सुत्केरी गराउँदा आमाको मृत्यु भएपछि नवजात शिशु बिचल्लीमा परेको हो । अपहरण र यातनामा १-१ बालबालिका पीडित भएको समाचार प्रकाशित भएको अनुगमनका क्रममा भेटिएको छ ।



हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल १, मध्यमाञ्चल ५, पश्चिमाञ्चल ४, मध्य-पश्चिमाञ्चल ३ र सुदूर-पश्चिमाञ्चल २ रहेको देखिन्छ ।




अखबारहरुका अनुसार चैत्र महिनामा महिला र पुरुष गरी ४ जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा महिला र पुरुष २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा १-१ महिला र पुरुष रहेका छन् भने २ पुरुष घाइते भएको सञ्चार अनुगमनका क्रममा पाइएको छ ।

## महिला हिंसाविरुद्ध ३६५ दिन शुरु

*कपिलवस्तु २४ चैत्र*

कपिलवस्तु जिल्लामा महिला हिंसाविरुद्ध ३६५ दिने अभियान शुरु गरिएको छ । मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) र जुरी नेपालले तौलिहवामा न्यायमा पहुँच परियोजना सार्वजनिकीकरण कार्यक्रममा जिल्ला अदालत कपिलवस्तुका श्रेष्तेदार इश्वरी भण्डारीले अपराधका घट्नालाई सामाजिकिरण गर्न नहुने बताउनु भएको छ । बलात्कार जस्ता अपराधका मुद्दाहरुलाई गाउँ तहमा कसैले पनि मिलाउन नहुने उहाँले तर्क गर्नु भयो । अपराधका घटना घटाउने लाई कानुनी कठ्घरामा ल्याउनु पर्ने वहाँले जनाउनु भयो । परियोजनाले न्यायको पहुँचमा आउन नसकेका महिलाहरुलाई न्यायका लागि सहयोग मिल्ने बताउनु भयो । तौलिहवामा राखिएको सरोकारवालासँगको परिचयात्मक कार्यक्रममा श्रेष्तेदार भण्डारीले यस्तो भनाई राख्नुभएको हो । जिल्ला प्रशासन कार्यालयका प्रशासकिय अधिकृत पर्शुराम पोखरेलले परियोजनाले कार्ययोजना सहित काम गर्नु पर्ने बताउनु भयो । कार्यक्रममा जिल्ला विकास समितिका सामाजिक विकास अधिकृत वासुदेव जम्मरकट्टलले परियोजनाले उदेश्य अनुरुपको परिणाम ल्याउनु पर्ने जनाउनु भयो । वहाँले अगाडि भन्नु भयो कार्यक्रमले प्रतिवेदन होइन परिणाम दिन सकोस् भन्दै कार्यक्रम सफल पार्न जिविसले सहयोग पुर्‍याउने बताउनु भयो ।

कपिलवस्तुका दुई गाविसमा महिला हिंसा विरुद्ध ३६५ दिने अभियान न्यायमा पहुँच परियोजना लागू भएको छ । मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) र जुरी नेपाल को आयोजनामा जिल्लाका कजहवा र भलवारीमा उक्त परियोजना लागु हुने भएको हो । परियोजनाका बारेमा जनकारी

गराउँदै अधिवक्ता विष्णु पोखरेल हाल सम्म महिला हिंसा विरुद्ध १६ दिने अभियान मनाउँदै आएको भए पनि यस परियोजना अर्न्तगत बर्षभरीलाई नै अभियानका रुपमा मनाईने बताए । बर्ष भरी नै महिला तथा बालिका विरुद्ध हुने हिंसा विरुद्ध जवाफदेही र शुन्य सहिष्णुता संस्कृतिको बृद्धि गर्ने, सिमान्तकृत समुदायका महिला तथा बालिकाको कानुनी सहायता सेवामा बृद्धि लगायत महिलाको न्यायमा पहुँच पुर्‍याउने कार्यक्रमको मुख्य उदेश्य रहेको बताउनु भयो । त्यसै गरी इहृिकनका कार्यक्रम संयोजक रोश्ली पोखरेलले परियोजना अर्न्तगत विभिन्न समुदायका महिलाहरुलाई तालिम, छलफल, अन्तरक्रिया, कानुनी सहयोग तथा परामर्श सेवा सञ्चालन गरिने बताउनु भयो ।

परियोजनाका जिल्ला कार्यक्रम संयोजक जियाउल हक मनियारको सञ्चालनमा सम्पन्न कार्यक्रममा नेपाल बारएसोसिएसनका हुमनाथ पाण्डे, महिला समन्वय समितिका  माधरी श्रेष्ठ, संचारिका समूहका पार्वती पाण्डे, साथी संस्थाका खग प्रसाद चापागाई लगायतले मन्तव्य राख्नु भएको थियो ।

**हार्दिक शुभकामना !**

नयाँ बर्ष २०७३ को शुभ अवसरमा हाम्रा समस्त मित्र तथा शुभचिन्तकहरुमा सुख, शान्ति र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




जानकारीका लागि

**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इहृिकन )**

ज्वागल कुपण्डोल ललितपुर

फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहन अनुरोध छ ।